नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**पाल्पा शाखा**

**शान्तिपुर शाखाको भाडाको भवनमा सिभिल निर्माण तथा इलेक्ट्रिकल कार्यको लागि बोलपत्र आव्हानको सूचना**
**(प्रथम पटक प्रकशित मिति २०७५/०१/०३)**

नेपाल बैंक लिमिटेड, शान्तिपुर शाखामा काउण्टर निर्माण, पार्टिसन, फल्स् सिलिङ्ग, टायल, ATM कोठा निर्माण र केज निर्माण लगायत अन्य पूर्वाधारहरु तयार गर्न सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र खरिद गरी ३१औं दिनको १२:०० वजे भित्र पेस गर्न सिलवन्दि बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाण्डौ बैंकिङ्ग अफिस वा पाल्पा शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा पाल्पा शाखावाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धी शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलवन्दी वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धी थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागमा तथा शाखा कार्यालय पाल्पा शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) बोलपत्र निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको दर रेट (BOQ) खुलाइ, आफुले कवोल गरेको रकमको (भ्याट सहित) घटीमा २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकमको माथिल्लो पाँच सय वा हजार अंक पुऱ्याई धरौटी वापत यस बैंकको पाल्पा शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।

२) बोलपत्र निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७३/७४ को कर चुक्ता प्रमाणपत्र र काउण्टर निर्माण सम्बन्धि कार्य अनुभव पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फारामनै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको अगाडी भागको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले ६० दिन दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्नेछ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| बोलपत्र प्राप्त गर्ने स्थान | :- | नेपाल बैंक लिमिटेड, प्र.का., व्यवस्थापन सेवा विभाग वाा पाल्पा शाखा । |
| बोलपत्र खरिद गर्ने अन्तिम मिति | :- | २०७५/०२/०१ गते मंगलबार कार्यलय समय भित्र । |
| बोलपत्र दाखिला गर्ने अन्तिम मिति | :- | २०७५/०२/०२ गते बुधबार मध्यान्न १२:०० वजे भित्र । |
| बोलपत्र दाखिला गर्ने स्थान | :- | नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, पाल्पा । |
| बोलपत्र खोल्ने मिति र स्थान | :- | २०७५/०२/०२ गते बुधबार मध्यान्न १:०० बजे ने.बै.लि., शाखा कार्यालय, पाल्पा । |

बैंकको अनुमानित लागत :-
सिभिल तर्फ भ्याट सहित रु.१७,१७,८०५/-
इलेक्ट्रिकल र नेटवर्किङ्ग तथा Intercom System र CCTV जडान तर्फ भ्याट सहित रु.७,७३,६१२/१३
**दुबै गरी भ्याट सहित कूल जम्मा रकम रु.२४,९१,४१७/१३ (अक्षेरेपी चौबिस लाख एकानब्बे हजार चार सय सत्र र पैसा तेह्र मात्र ।)**